# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ९ संख्याः ५ मितिः २०८२/०२/३१

भाग — २

## देवघाट गाउँपालिकाको विज्ञापन कर निर्देशिका, २०८२

# देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## देवघाट गाउँपालिकाको विज्ञापन कर निर्देशिका, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०२/३१

प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०२/३१

**प्रस्तावनाः**

देवघाट गाउँपालिकाले आफ्नो क्षेत्रमा कुनै वस्तु वा सेवा तथा अन्य कुराको प्रचार प्रसार आदिका लागि राख्न दिने विज्ञापन बोर्ड तथा सामाग्रीमा विज्ञापन कर लगाई असूल उपर गर्न गाउँपालिका क्षेत्रमा राखिने विभिन्न आकार, प्रकार र बनौटका विज्ञापन बोर्डहरु तथा प्रचार, प्रसारका सामाग्रीहरुको नियमन र व्यवस्थापन गरी करको दायरामा ल्याउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम देवघाट गाउँ कार्यपालिकाले निर्देशिका स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "देवघाट गाउँपालिकाको विज्ञापन कर निर्देशिका, २०८२" रहेको छ । यो निर्देशिका देवघाट गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिका सम्झनुपर्दछ ।

(ग) "कार्यालय" भन्नाले देवघाट गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले देवघाट गाउँपालिकाको कार्यालयमा रहेको आर्थिक व्यवस्थापन शाखा र सो शाखा अन्तर्गतको राजश्व शाखालाई सम्झनुपर्दछ ।

(ङ) "विज्ञापन" भन्नाले गाउँपालिका क्षेत्रमा राखिने होर्डिङ्ग बोर्ड, साइन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने

विद्युत तथा सोलार बत्तीको खम्बामा प्रयोग गरिएको प्रचार सामाग्री लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीलाई सम्झनुपर्दछ । सो शब्दले तोकिएको ठाउँमा राख्न, टाँस्न वा प्रदर्शन गर्न सकिने व्यानर, स्टिकर तथा मोवाइल प्रचार सामग्री समेतलाई बुझाउँदछ ।

(च) "बोर्ड" भन्नाले विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिएको धातुको पाता वा विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिने अन्य कुनै किसिमको बोर्डलाई बुझाउँछ । सो शब्दले विज्ञापन सामाग्री राख्ने प्रर्दशन गर्ने उद्देश्यले तयार गरिएको धातु तथा स्क्रीन बोर्ड समेतलाई सम्झनुपर्दछ ।

(छ)"साइन बोर्ड" भन्नाले संघ, संस्था, व्यक्ति वा फर्ममा परिचय गराउने उद्देश्यले उक्त संघ, संस्था, फर्मको कार्यालय अघिल्तिर राखिएको नाम वा संकेत उल्लेख गरिएको बोर्डलाई बुझाउँदछ ।

(ज) "नियोन बोर्ड" भन्नाले विद्युतीय तरङ्गको माध्यमबाट संचालित विज्ञापन बोर्डलाई बुझाउँदछ ।

झ) "ग्लो बोर्ड" भन्नाले संघ संस्था वा व्यवसायिक फर्मको परिचय गराउने वा उक्त व्यवसायिक फर्मको उत्पादनको प्रचार गर्ने उद्देश्यले तयार पारिएको बोर्डलाई जनाउँदछ ।

ञ) "स्टल" भन्नाले उत्पादन वा निजको व्यवसायिक प्रतिनिधिले प्रचारको लागि निश्चित समय तोकी सडक, सार्वजनिक खुला स्थानमा टेबुल, गाडी वा मंच (स्टेज) मा वस्तुहरु तथा प्रचार सामाग्रीहरु सजाएर राखिएको सानो नमुना पसललाई जनाउँछ र सो शब्दले विभिन्न मेला वा प्रदर्शनीमा राखिएको स्टलहरुलाई समेत जनाउँदछ ।

(ट) "होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन वा प्रचार सामाग्री लेख्ने, टाँस्ने, अड्याउने, राख्ने, लगाउने उद्देश्यले सडक वा चोकबाट सजिलै अवलोकन गर्न सकिने गरी धातुको फ्रेममा जडान गरिएको बोर्डलाई सम्झनुपर्छ । सो शब्दले प्रचार सामाग्री

लगाउने उद्देश्यले बनाईएको धातुको फ्रेम तथा कुनै अग्लो संरचनामा झुण्डयाईएको होर्डिङ्ग बोर्ड समेतलाई बुझाउँदछ ।

(ठ) “ट्राई भिजन बोर्ड” भन्नाले वस्तु वा सेवाको प्रचार गर्ने उद्देश्यले एउटै संरचनाबाट तीन भिन्न भिन्न किसिम र तरिकाले विज्ञापन वस्तु अवलोकन गर्न सकिने गरी अग्लो धातुको फ्रेममा अड्याएर राखिएको विद्युतीय विज्ञापन बोर्डलाई जनाउँदछ ।

(ड) “स्क्रोलर बोर्ड” भन्नाले उत्पादनको प्रचार, प्रसार गर्ने बोर्ड सम्झनु पर्दछ ।

(ढ) “स्क्रिन बोर्ड” भन्नाले चलचित्र वा विज्ञापन सामाग्रीको प्रचार, प्रसार गर्ने उद्देश्यले निजी भवनमा प्रदर्शनीको लागि राखिने चलचित्र स्क्रिन बोर्डलाई बुझाउँदछ ।

(ण) “व्यानर” भन्नाले कपडामा लेखिएको वा प्रिन्ट गरिएको कुनै पनि किसिमको सन्देश सहितको विज्ञापन सम्झनुपर्छ । सो शब्दले कपडामा कुनै वस्तु टाँसी झुण्डयाइएको सामाग्री समेतलाई सम्झनु पर्दछ ।

(त) “विज्ञापन वस्तुको स्वामित्व भएको व्यक्ति” भन्नाले वस्तु वा सेवाको उत्पादक वा विज्ञापन एजेन्ट वा होडिङ्ग बोर्ड निर्माणकर्ता वा माथि उल्लेखित एक वा एकभन्दा बढी वा सबैलाई जनाउँछ । सो शब्दले माथि उल्लेखित व्यक्ति सम्पर्क हुन नसकेको अवस्थामा विज्ञापन सामाग्री वा बोर्ड राखिएको सम्वन्धित घरजग्गा धनी समेतलाई बुझाउँदछ ।

(थ) “गैर नाफामूलक संस्था” भन्नाले नाफा कमाउने उद्देश्य नभई सामाजिक तथा सेवामूखी क्रियाकलापहरु संचालन गर्ने र आन्तरिक राजश्व कार्यालयले कर नलाग्ने भनी तोकिदिएको संघ, संस्थालाई मात्र सम्झनु पर्दछ ।

## परिच्छेद–२

## विज्ञापन बोर्ड तथा सामाग्री राख्ने स्थान र दर्ता

**३. विज्ञापन गर्न सकिने स्थानहरुः** (१) स्थानीय तहको क्षेत्रभित्रका निम्न स्थानहरुमा विज्ञापन बोर्ड तथा प्रचार सामाग्री राख्न गाउँपालिकाले अनुमति दिन सक्नेछः

(क) आफ्नो परिचय गराउने उद्देश्यले संघ, संस्था, फर्म, कम्पनी, उद्योगको कार्यालयको अघिल्तिर,

(ख) व्यक्तिको निजी स्वामित्व भएको घर, कम्पाउण्ड, खाली जग्गामा ,

(ग) सरकारी निकायहरु, संस्थानहरु एवं गैर नाफामूलक संघ संस्थाहरुको निजी स्वामित्व भएको घर तथा जग्गामा,

(घ) देवघाट गाउँपालिकाको स्वामित्व र भोगाधिकार भएको घर जग्गामा,

(ङ) सडकको दाँया बाँया किनारा, पोल, सार्वजनिक स्थल र पार्कहरुमा।

तर माथि खण्ड (ङ) मा उल्लेखित स्थानहरुमा शहरी सौन्दर्यकरण र ट्राफिक व्यवस्थापनलाई नकारात्मक असर नपर्ने गरी विज्ञापन सामाग्री राख्न अनुमति दिन सक्नेछ।

(२) देवघाट गाउँपालिका क्षेत्रभित्रका देहायको स्थानहरुमा परिचय पाटी वाहेक अन्य कुनैपनि विज्ञापन बोर्ड तथा सामाग्री राखिने छैन।

(क) पुरातात्विक तथा ऐतिहासिक महत्वका साँस्कृतिक स्थलहरुमा

(ख) गाउँपालिकाले समय समयमा तोकेको अन्य स्थानहरुमा

(३) यस निर्देशिका लागू हुनु अघि उपदफा (२) मा उल्लेखित स्थानमा विज्ञापन बोर्ड तथा सामाग्री राखेको भएमा विज्ञापन बोर्ड तथा सामाग्रीहरु १५ दिन भित्र हटाउन गाउँपालिकाले आदेश दिन सक्नेछ। विज्ञापन कर तिरेका यस किसिमका बोर्ड तथा विज्ञापन वस्तुहरु गाउँपालिका क्षेत्रको अन्य विज्ञापन गर्न मिल्ने स्थानमा स्थानान्तरण गरेमा विज्ञापन बोर्ड पुनः दर्ता गरिरहनु नपर्ने र स्थानान्तरण वापतको दस्तुर पनि लाग्ने छैन।

(४) गाउँपालिका क्षेत्रमा रहेका विद्युतीय तथा अन्य किसिमका पोलहरुमा विज्ञापन बोर्डहरु राख्न देवघाट गाउँपालिकाले अनुमति दिएको अवस्थामा वाहेक सडक किनारामा राखिएका पोलहरुमा विज्ञापन बोर्ड तथा सामाग्री राख्न पाईने छैन।

**४. विज्ञापनको आकार, प्रकार र बनौट:** (१) प्रचार प्रसारको उद्देश्यले गाउँपालिका क्षेत्रमा राखिने विज्ञापन बोर्ड वा सामाग्रीको आकार, प्रकार र बनौट अनुसूची –१ मा उल्लेखित मापदण्ड बमोजिम हुनेछ। तर यस निर्देशिकाको अनुसूची –१ मा उल्लेख गरिए भन्दा भिन्न प्रकृतिको विज्ञापन बोर्ड तथा सामग्री राख्न अनुमति माग भएमा सो विज्ञापन राख्न दिने नदिने सम्बन्धमा कार्यपालिकाले निर्णय गर्न सक्नेछ। यस निर्देशिका लागू हुनु अघि गाउँपालिका क्षेत्रमा राखिएका बोर्ड तथा समाग्रीहरु अनुसूची –१ मा उल्लेखित मापदण्ड भन्दा फरक किसिमको भएमा उक्त बोर्डहरुलाई मापदण्ड बमोजिम कायम गर्न गाउँपालिकाले ३ महिना अवधि दिई सूचना जारी गर्नेछ। सो समयावधि भित्र यस निर्देशिका बमोजिम विज्ञापन बोर्डको मापदण्ड अनुरुप हुने गरी सुधार नगरेमा त्यस्तो विज्ञापन बोर्ड तत्काल हटाउने गरी कारवाही गर्नेछ।

**५. विज्ञापन बोर्ड राख्न निवेदन दिनुपर्ने:** (१) कुनैपनि वस्तु, सेवा वा अन्य कुनै कुराको प्रचार प्रसारको लागि गाउँपालिका क्षेत्रमा विज्ञापन बोर्ड राख्नुपूर्व विज्ञापनको स्वामित्व भएको व्यक्तिले आवश्यक कुराहरु खुलाई सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शाखामा दिने निवेदनमा निम्न कुराहरु खुलाइएको हुनुपर्नेछ:

(क) विज्ञापन बोर्ड रहने स्थान, वडा, मार्ग, पथ, घर (नजिकको घर, विभिन्न स्थानहरुमा भए सोको विवरण खुलाउने )

(ख) विज्ञापन बोर्ड रहने घर जग्गा धनीको तिनपुस्ते खुलेका नाम, थर र ठेगाना,

(ग) विज्ञापन बोर्ड सम्वद्ध व्यक्ति, उत्पादक, संघ, संस्था फर्म एजेन्सी कम्पनीको नाम, ठेगाना,

(घ) विज्ञापन बोर्डको आकार, प्रकार, बनौट र प्रकृति,

(ङ) बोर्ड/विज्ञापन सामाग्री राख्ने अवधि,

(च) तत्काल विज्ञापन गर्ने वस्तुको प्रकृति,

(छ) विज्ञापन बोर्डको संख्या,

(ज) अन्य आवश्यक कुराहरु,

(३) यस दफा बमोजिम दिने निवेदनमा विज्ञापन बोर्ड रहने घर वा जग्गा धनीको वा यस्तै अधिकारपत्र वा वहाल सम्झौतापत्र र घरको हकमा नक्सापास प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक कार्वाहीको सिलसिलामा उक्त विज्ञापन बोर्डको मापदण्ड र बोर्डको अवस्थिति सम्बन्धमा स्थलगत रुपमै निरीक्षण गरी प्रतिवेदन पेश गर्न शाखा प्रमुखले कर्मचारी खटाउने वा वडाध्यक्षको समन्वयमा वडा कार्यालयबाट कर्मचारी खटिई निरीक्षण गर्नेछ। यसरी विज्ञापन बोर्ड निरीक्षण गर्न खटिएको कर्मचारीले निवेदनमा उल्लेखित बोर्ड यस निर्देशिकाको मापदण्ड र अन्य कानूनी शर्त बमोजिम भए, नभएको सम्बन्धमा अध्ययन तथा निरीक्षण गरी शाखा प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ। सो प्रतिवेदन माथि आवश्यक निकास लिन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्दछ।

६. **विज्ञापन बोर्डको दर्ता, प्रमाणपत्र र अभिलेख व्यवस्थापन:** (१) यस निर्देशिकाको दफा ५ बमोजिम पर्न आएका निवेदन उपर कार्वाही भई निवदेकको माग बमोजिम विज्ञापन बोर्डको दर्ता गर्न मिल्ने सिफारिस सहितको प्रतिवेदन पेश हुन आएमा शाखाले यस निर्देशिकाको अनुसूची– २ बमोजिम सम्झौता गर्नु पर्नेछ

(२) विज्ञापन बोर्ड दर्ता गर्दा लिइने करको दररेट अनुसार वार्षिक कर अग्रिम रुपमा असूल गरी विज्ञापन बोर्ड दर्ता गर्नुपर्नेछ।

(३) विज्ञापन बोर्ड दर्ता गर्दा अनुसूची-३ बमोजिम विज्ञापन बोर्ड दर्ता कितावमा दर्ता गरी सोको अभिलेख राख्नु पर्नेछ ।

(४) उपदफा १,२ र ३ को प्रक्रिया पुरा गरेपछि विज्ञापन बोर्ड तथा सामाग्री राख्ने विज्ञापन स्वामित्व भएको व्यक्तिलाई अनुसूची-४ बमोजिमको विज्ञापन बोर्ड दर्ता प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वर्ष भन्दा कम अवधिको लागि राखिने विज्ञापन बोर्ड तथा सामाग्रीको शाखाले दर्ता प्रमाणपत्र नदिई सम्बन्धित व्यक्तिलाई सम्झौता पत्र मात्र उपलव्ध गराउन सक्नेछ ।

**७. विज्ञापन बोर्डको नवीकरण गर्नुपर्नेः** (१) यस निर्देशिका बमोजिम अनुमतिप्राप्त विज्ञापन बोर्डको प्रत्येक बर्षको लागि अग्रीम रुपमा कर तथा अन्य दस्तुरहरु तिरी नवीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन स्वामित्व भएको व्यक्तिले आफुले राखेका वा राख्न दिएका विज्ञापन बोर्डको कर तिरेको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ । उक्त समय भित्र विज्ञापन बोर्डको नवीकरण नगरेमा लाग्ने कर रकममा पहिलो महिनाको लागि १०%, दोश्रो महिनाको १५% र तेश्रो महिनाको लागि २०% का दरले जरिवाना र वार्षिक कर असूल गरी ३ महिनासम्ममा नवीकरण गर्न सकिनेछ । म्याद नाघेको ३ महिनासम्ममा पनि बोर्ड नवीकरण नगरेमा गाउँपालिकाले विज्ञापन बोर्ड वा सामाग्री हटाउने वा जफत वा नष्ट गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कर नतिरी राखेको वा तोकिएको समयभित्र नवीकरण नगरिएका विज्ञापन बोर्ड वा सामाग्री हटाउने, जफत गर्ने वा नष्ट गर्नु अघि कार्यालयले वढीमा १५ दिनको सूचना सम्बन्धित विज्ञापन बोर्डका स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीलाई दिनुपर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम गाउँपालिकाले विज्ञापन बोर्ड वा सामाग्री नष्ट गरिएको वा हटाईएकोमा विज्ञापन बोर्डको नवीकरण गर्न गाउँपालिका समक्ष अनुरोध गरेमा

बक्यौता कर र सो करको ५० प्रतिशत एकमुष्ट जरिवाना लिई शाखाले विज्ञापन बोर्डको नवीकरण गर्न सक्नेछ।

**८. हाल कायम रहेको विज्ञापन बोर्डहरु नियमित गर्नुपर्ने:** (१) यो निर्देशिका लागू हुंदा गाउँपालिका क्षेत्रमा राखिएका विज्ञापन तथा बोर्डको स्वामित्व भएका व्यक्ति, फर्म वा कम्पनीको लागि ३ महिनाभित्र यस निर्देशिकाको मापदण्ड बमोजिम अद्यावधिक गरी नियमित गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र विज्ञापन बोर्ड नियमित नगरेमा गाउँपालिकाले तत्काल त्यस्ता विज्ञापन बोर्डमा विज्ञापन सामाग्री राख्न नपाउने गरी विज्ञापन स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचीमा राखी त्यस्ता बोर्डहरु तत्काल हटाउन निर्देशन दिने वा गाउँपालिकाबाट हटाईनेछ।

(३) उपदफा (२) बमोजिम कालो सूचीमा राख्नु अघि सम्बन्धित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई सफाईको मौका दिनुपर्नेछ। निजबाट चित्तबुझ्दो जवाफ पेश गर्न नसकेमा शाखाको सिफारिसमा गाउँपालिकाले सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचीमा राखी सो को जानकारी अन्य स्थानीय निकायहरुलाई समेत दिनेछ।

(४) यस निर्देशिका बमोजिम कालो सूचीमा पर्ने व्यक्ति, फर्म वा कम्पनीले पुनः देवघाट गाउँपालिका क्षेत्रमा कम्तिमा ५ वर्ष सम्म विज्ञापन गर्न गराउन पाउने छैन।

## परिच्छेद– ३

## सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्था

**९. प्रस्ताव आव्हान गर्ने:** (१) स्थानीय तहले सार्वजनिक स्थल, सडकको दाँया वाँया र सार्वजनिक पार्कको संरक्षण, हरियाली प्रवर्द्धन र वाटिका निर्माण एवं संचालन गरी यस निर्देशिकाले तोकेको मापदण्डको अधिनमा रही आवश्यक संख्यामा विज्ञापन सामाग्री वा बोर्ड राख्न इच्छुक व्यक्ति, संघ, संस्था, फर्म तथा कम्पनीहरुबाट खुला प्रस्ताव आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्नु भन्दा अघि शहरी विकास, वातावरण संरक्षण र आय आर्जनलाई मध्यनजर गरी गाउँपालिको क्षेत्रको सार्वजनिक स्थल, सडक दायाँ वायाँको खाली सार्वजनिक स्थल, सार्वजनिक पार्कको सर्वोत्तम् विकल्प सहितको उपयोग सम्बन्धमा सम्बन्धित शाखाबाट आवश्यक अध्ययन गरी प्रस्ताव वा आशयपत्र तयार गरिनेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक पक्षको अध्ययन, मूल्यांकन एवं विश्लेषण गरी उत्कृष्ट प्रस्तावहरु मध्ये सर्वोत्कृष्ट प्रस्ताव छनौट गनुपर्नेछ। यसरी पर्न आएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकनको लागि आर्थिक व्यवस्था शाखा प्रमुख अनिवार्य सदस्य रहने गरी गाउँपालिकाको सम्वद्ध शाखा र सार्वजनिक निजी साझेदारी एकाइको प्रतिनिधि भएको प्रस्ताव अध्ययन तथा मुल्यांकन समिति गठन गर्नुपर्नेछ।

(४) उपदफा (३) अनुसार छनौट भएको सर्वोत्कृष्ट प्रस्ताव आवश्यकता अनुसार पुनः मुल्यांकन गरी पेश गर्न बोलपत्र मुल्यांकन समितिमा पठाउनु पर्नेछ। यसरी प्रारम्भिक समिति तथा बोलपत्र मुल्याकन समितिले छनौट गरेको प्रस्तावकसँग स्थानीय तहले सम्झौता गरी सम्झौतामा उल्लेखित अवधिभरका लागि विज्ञापन कर असूल गरी सम्झौतामा उल्लेखित आकार प्रकार र बनौटको विज्ञापन बोर्ड वा सामाग्री राख्न अनुमति दिनेछ।

(५) सार्वजनिक निजी साझेदारी अन्तर्गत प्रस्ताव आव्हान गर्ने र छनौट गर्ने अन्य प्रक्रिया स्थानीय तहबाट लागू भएका सार्वजनिक निजी साझेदारी नीतिहरु र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

**१०. सोझै प्रस्ताव पेश गर्न सकिने:** (१) कुनै व्यक्ति, फर्म, कम्पनी तथा संघ, संस्थाले गाउँपालिकाको क्षेत्र भित्रको कुनै खाली सार्वजनिक स्थान वा सडकको दाँयाबायाँको जग्गामा हरियाली प्रवर्द्धन, यात्रु प्रतिक्षालय, वाटिका निर्माण गरी कुनै वस्तुको विज्ञापन गर्ने उद्देश्यले विज्ञापन बोर्ड वा सामाग्री राख्ने माग गरी सोझै गाउँपालिकामा प्रस्ताव पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक क्षमता र प्रस्तावमा उल्लेख गरिएका सार्वजनिक स्थलको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी विशेष

कार्यक्रम प्रस्ताव र उक्त प्रस्तावमा उल्लेखित लागत/लाभ समेत विश्लेषण गरी स्थानीय तहले त्यस्तो प्रस्ताव छनौट गर्ने सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव मूल्यांकनको लागि दफा ९ (३) बमोजिम गठित समितिमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सार्वजनिक स्थान प्रवर्द्ध गरे वापत राख्न दिइने विज्ञापन बोर्ड वा विज्ञापन वस्तुमा दरमा कर लिइनेछ ।

(५) उपदफा (१) र (२) बमोजिम पेश भएको प्रस्तावहरु छनौट गर्न उपयुक्त नभएको भनी राय सहित सिफारिस भएमा उक्त काम खुल्ला प्रस्ताव आव्हान गरी गराउन गाउँपालिकाले आवश्यकता ठानेमा यसै निर्देशिका बमोजिम खुल्ला प्रस्ताव गर्न सक्नेछ ।

**११. सडक किनारामा रहेका पोलहरुमा विज्ञापन गर्न सकिने:** (१) शहरी सौन्दर्य, ट्राफिक व्यवस्थापन समेतलाई मध्यनजर गरी स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका विद्युतीय लगायत अन्य किसिमको पोलहरुमा सोझै विज्ञापन गर्न दिने छैन ।

(२) यस निर्देशिका जारी हुनु पूर्व सम्बन्धित निकायको स्वीकृतिमा पोलहरुमा विज्ञापन गर्न दिईएको भए तापनि यस निर्देशिका जारी भएपछि सार्वजनिक निजी साझेदारी नीति बमोजिम पोलहरुमा निम्न किसिमका बोर्डहरुमा विज्ञापन गर्न सकिनेछ ।

(क) सरकारी सूचना तथा सन्देशहरु समेतको बोर्ड,

(ख) स्थानीय तहले राख्ने वा राख्न लगाउने सडक नाम उल्लेखित बोर्ड,

(ग) स्थानीय तहले राख्ने अन्य सूचना तथा सन्देशमुलक बोर्डहरु ।

(३) सरकारी निकायले सार्वजनिक निजी साझेदारी नीति बमोजिम निजी क्षेत्रमार्फत गाउँपालिका क्षेत्रमा सडकको दायाँबायाँ अवस्थित पोलहरुमा विज्ञापन समेत राख्न पाउने गरी कुनै सूचना वा सन्देशमुलक बोर्ड निर्माण गर्न अनुमति दिनु अघि स्थानीय तहसँग त्यस्ता बोर्डको आकार, प्रकार, बनौट र लाग्ने करको सम्बन्धमा आवश्यक जानकारी एवं सहमति लिनुपर्नेछ ।

(४) सार्वजनिक निजी साझेदारी नीति बमोजिम पोलहरुमा राख्न सकिने सूचना सन्देश सहितको विज्ञापन बोर्डको आकार, प्रकार बनौट र संख्या निम्नानुसार हुनेछ।

(क) आकार :– वढीमा २X३ = ६ वर्ग फिटसम्म

(ख) प्रकार :– धातुको पाता ( स्टाण्ड सहित)

(ग) बनौट :– धातुको पाता वा फ्रेममा फ्लास्क सामाग्री

(घ) संख्या :– प्रति पोल एउटा बोर्ड मात्र राखिएको।

तर माथि खण्ड (घ) बमोजिम राखिएको विज्ञापन बोर्डमा दुई तर्फनै विज्ञापन गरेमा गाउँपालिकाले दुवैतर्फको विज्ञापन कर यस निर्देशिकामा तोकिएको दररेट अनुसार लगाई असूल गर्नेछ।

(५) यस दफा बमोजिम राख्न दिने विज्ञापन बोर्डमा कर लगाई असूल गरिनेछ।

(६) यस दफा बमोजिम पोलमा राख्न दिने सन्देश सहिततको विज्ञापन बोर्डको अन्य प्रकृया माथि दफा ९ र १० बमोजिम हुनेछ।

## परिच्छेद ४

## विज्ञापन कर संकलन

**१२. विज्ञापन कर असूल गर्ने तरिकाः** (१) यस निर्देशिकाको दफा ६(२), ९(४), १०(४) र ११(५) बमोजिम लाग्ने तथा असूल गर्नुपर्ने कर अनुसूची-५ मा तोकिएको दररेटमा असूल गर्नु पर्नेछ।

(२) यस निर्देशिकाको अनुसूची-५ मा अन्यथा उल्लेखित गरेकोमा वाहेक कुनै पनि किसिमको विज्ञापन बोर्डमा वार्षिक विज्ञापन लगाई अग्रिम रुपमै असूल उपर गरिनेछ।

(३) कुनै विज्ञापन बोर्डमा कुनै सूचना वा सन्देश उल्लेख गरी सो को प्रायोजन गरिएकोमा प्रायोजक विज्ञापन सामाग्रीले ओगटेको क्षेत्रफल बराबरको विज्ञापन कर बुझाउनु पर्नेछ।

(४) सरकारी निकाय तथा कर नलाग्ने सामाजिक परोपकारी संस्थाले देवघाट गाउँपालिकको क्षेत्रमा सूचना वा सन्देशमूलक विज्ञापन राखेको तर सोको प्रायोजन गरेको अबस्थामा यस निर्देशिका बमोजिम प्रायोजकबाट विज्ञापन कर असूल उपर गरिनेछ।

**१३. विज्ञापन कर नलाग्ने:** (१) यस दफा बमोजिम कुनै गैर मुनाफामुलक संस्थाले निःशूल्क रुपमा पोल व्यानर राख्न अनुमति माग गरेमा कर वापतको रकम धरौटी वापत देवघाट गाउँपालिकाको धरौटी खातामा जम्मा गर्न लगाई अनुमति दिन सकिनेछ । तर तोकिएको निर्देशन पालना नगरी विज्ञापन गरेमा धरौटी रकमबाट कर वापतको रकम कट्टा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम राखिएको धरौटी रकम कार्यसम्पन्न सन्तोषजनक भएको प्रतिवेदन प्राप्त भएपछि निवेदकको माग बमोजिम देवघाट गाउँपालिकाले सम्बन्धित संस्थालाई फिर्ता दिनुपर्नेछ।

## परिच्छेद ५
## दण्ड, जरिवाना तथा पुनरावलोकन

**१४. विज्ञापन बोर्ड दर्ता नगरी विज्ञापन गर्न नहुनेः** (१) यस निर्देशिका बमोजिम बोर्ड दर्ता नगरी कुनै व्यक्तिले विज्ञापन गरेमा गाउँपालिकाले सात दिनभित्र बोर्ड दर्ता गर्न सम्बन्धित व्यक्तिलाई निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिदा पनि तोकिएको अवधिभित्र विज्ञापन बोर्ड दर्ता नगरेमा लाग्ने करको १० प्रतिशत जरिवाना समेत तिरी एक महिनाभित्र बोर्ड दर्ता गर्न कार्यालयले बोर्डको स्वामित्व भएको व्यक्तिलाई पुनः निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिम दिईएको थप म्याद पनि विज्ञापन बोर्ड दर्ता नगरेमा गाउँपालिकाले विज्ञापन सामाग्री हटाउने र हटाउन निर्देशन दिनेछ।

**१५. फरक प्रकृतिको विज्ञापन सामाग्री विज्ञापन बोर्डमा लगाएमा:** (१) यस निर्देशिका बमोजिम एक प्रकृतिको विज्ञापन सामाग्री राख्ने व्यहोरा खुलाई बोर्ड दर्ता गरी गाउँपालिकालाई लिखित जानकारी नै नदिई अर्कै प्रकृतिको विज्ञापन सामाग्री बोर्डमा लगाएमा रु ५०००।– (पांच हजार) जरिवाना गरी संशोधित प्रकृति अनुसारको थप कर तिर्नुपर्ने भए तिरी नयाँ प्रकृतिको विज्ञापन सामाग्री राख्ने अनुमति लिन कार्यालयले सम्बन्धित विज्ञापनको स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा देवघाट गाउँपालिकाले सो विज्ञापन वा सामाग्री जफत गर्ने वा हटाउनेछ। उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना नगरेमा गाउँपालिकाले विज्ञापन सामाग्री हटाउने वा हटाउन आदेश दिनेछ। यसरी विज्ञापन वस्तु हटाईएकोमा पुनः उक्त स्थानमा अर्को विज्ञापन सामाग्री राख्न माग गरेमा विज्ञापनको स्वामित्व भएको व्यक्तिले उपदफा (१) बमोजिम लागेको जरिवाना रु ५००० (पाँचहजार) जरिवाना तिरेर थप कर तिर्नुपर्ने भए सो समेत शाखामा बुझाउनु पर्नेछ।

**१६. निषेधित क्षेत्रमा बोर्ड राखेमा:** (१) यस निर्देशिका बमोजिम निषेधित भनी तोकिएका स्थानहरु र सार्वजनिक निजी साझेदारी नीति बमोमिज मात्र विज्ञापन बोर्ड तथा सामाग्री राख्न सकिने सार्वजनिक स्थानहरुमा कसैले त्यस्ता बोर्ड तथा प्रचार सामाग्री राखेको पाईएमा तत्काल त्यस्तो विज्ञापन बोर्ड तथा सामाग्री हटाउन गाउँपालिकाले निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा गाउँपालिकाले त्यस्ता बोर्ड तथा सामाग्रीहरु जफत गर्नेछ।

**१७. स्वीकृत लिएको आकार प्रकार भन्दा फरक गरी विज्ञापन बोर्ड राखेमा:** (१) यस निर्देशिका बमोजिम विज्ञापन बोर्ड दर्ताको अवस्था निवेदनमा खुलाईएको, चौडाई र बनौट भन्दा फरक किसिमको बोर्ड राखेको कुरा गाउँपालिका वा वडाबाट खटिने निरीक्षण टोलिको फिल्ड निरिक्षणबाट देखिएको र उक्त बोर्ड मापदण्ड भित्रै नरहेको भए रु. ५,०००।– (पाँच

हजार) जरिवाना लिई थप कर समेत असूल गरी उक्त बोर्डलाई गाउँपालिकाले नियमित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड नियमित गर्न गाउँपालिकाले विज्ञापन स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ । उक्त निर्देशन पालना नगरेमा उक्त बोर्डमा विज्ञापन गर्न गाउँपालिकाले रोक लगाउन सक्नेछ ।

**१८. विज्ञापन बोर्ड दर्ता गर्दा विज्ञापन सामाग्री राख्न दिने निवेदनमा झुटो विवरण दिएमा:** (१) यस निर्देशिका बमोजिम विज्ञापन बोर्ड दर्ता तथा विज्ञापन सामाग्री राख्ने अनुमति माग गर्ने निवेदनमा झुटा विवरण दिएको कुरा प्रमाणित भएमा गाउँपालिकाले निवेदकलाई रु. ३०००।– (तीन हजार) जरिवाना लगाई असूल उपर गर्नेछ ।

**१९. विशेष प्रकृतिको मात्र बोर्ड राख्न पाउनेमा अन्य किसिमको बोर्ड राखेमा:** (१) गाउँपालिकाले यस निर्देशिकाको दफा ३ (२) को प्रतिवन्धात्मक वाक्यांश अनुसार कुनै क्षेत्रको लागि तोकिएको भन्दा फरक किसिमका बोर्ड निर्माण गरेमा उक्त बोर्ड तथा सामाग्री ७ दिन भित्र हटाउन सम्बन्धित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा गाउँपालिकाले सो विज्ञापन बोर्ड सामाग्री जफत गर्ने वा हटाउनेछ ।

**२०. दण्ड सजायको पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) यस दफा बमोजिम गाउँपालिकाले गरेको दण्ड सजाय उपर चित्त नबुझ्ने व्यक्तिले दण्ड जरिवानाको जानकारी पाएको मितिले ३५ दिन भित्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको पुनरावेदन उपर गाउँपालिकाको प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**२१. होर्डिङ्ग बोर्ड स्थापना गर्दा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने:** (१) स्थानीय तहले तोकेको स्थानमा होर्डिङ्ग बोर्ड स्थापना गर्न अनुमति पाएको विज्ञापन बोर्डको स्वामित्व भएको व्यक्तिले उक्त बोर्डको संरचना तयार गर्दा प्रयाप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बोर्डको सुरक्षा व्यवस्था सम्बन्धमा स्थानीय तहले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित बोर्डको स्वामित्व भएको व्यक्तिको कर्तव्य हुनेछ ।

**२२. विज्ञापन बोर्ड नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनुमति:** (१) विज्ञापन बोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजीको लागि तिर्न बाँकी कर चुक्ता गरी निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा, ठाऊसारी गर्ने घरधनीसंगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुवै पक्षको रोहोबरमा बोर्डको स्वामित्व परिवर्तन सम्बन्धी कारवाही गरी बोर्ड दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ ।

(३) बोर्डको नामसारी, ठाउँसारी तथा हटाउने कार्वाही गर्दा सेवा शुल्क वापत गाउँपालिकाले तोकिएको शुल्क लिनेछ ।

(४) विज्ञापन बोर्डको एकपटक दर्ता गरिसकेपछि बोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व बोर्डको स्वामित्व भएको व्यक्तिको हुनेछ । बोर्डमा विज्ञापन सामाग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र विज्ञापन करमा कुनै छुट वा मिन्हा हुनेछैन ।

**२३. होर्डिङ्ग बोर्ड वापतको वहाल कर तिर्नुपर्नेः** विज्ञापन बोर्डहरु राख्न दिने घर तथा जग्गा धनीले तिर्नुपर्ने वहाल कर वापतको रकम गाउँपालिकाले सम्बन्धित घर वा जग्गा धनीको नाममा विज्ञापन वस्तुको स्वामित्व भएको व्यक्तिबाटै असूल गर्नेछ।

**२४. परिचय पाटी वापतको कर व्यवसाय कर सँग आवद्ध गर्न सकिने:** (१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुबाट व्यवसाय कर असूल गर्दाको अवस्थामा परिचय पाटी वा साइन बोर्ड वापतको कर रकम असूल गर्नेछ।

(२) उपदफा (१) बमोजिम कर असूल गरेपछि परिचय पाटीको विवरण व्यवसाय दर्ता पत्रमा उल्लेख गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिचय पाटीको छुट्टै दर्ता नवीकरण गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

**२५. बाधा अड्काउ फुकाउन सक्नेः** यस निर्देशिका कार्यान्वयनको सिलसिलामा केही बाधा अड्चन देखा परी तत्काल केही कुरा हेरफेर वा संशोधन गर्नु परेमा, गाउँ कार्यापालिकाले सम्बन्धित शाखाको राय लिई गाउँपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ।

**२६. निर्देशिका बमोजिम हुनेः** देवघाट गाउँपालिका क्षेत्रभित्र विज्ञापन कर लगाई असूल उपर गर्ने कार्य यसै निर्देशिका बमोजिम हुनेछ।

**२७. विज्ञापन कर संकलन कार्यमा सहयोग गर्नुपर्नेः** यस निर्देशिका बमोजिम कर लगाई असूल उपर गर्ने कार्यमा आवश्यक सहयोगको लागि राजश्व शाखा, विभिन्न वडा कार्यालय र अन्य शाखाको सहयोग माग गर्न सक्नेछ। यसरी सहयोग माग गरेमा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ।

## अनुसूची-१
## दफा ४ को उपदफा (१) सँग सम्बन्धित
## विज्ञापनको आकार,प्रकार र बनौट

| क्र.स | विज्ञापन बोर्ड/सामग्रीको प्रकार | विज्ञापन बोर्डको आकार अधिकतम सिमा (बर्गफिटमा) | वि |
|---|---|---|---|
| १. | होर्डिङ्ग बोर्ड | २०x४० = ४०० | फलामको पा राख्ने |
| २. | साइन बोर्ड (परिचय पाटी) | ३० वर्ग फिटसम्म | फलामको पा राख्ने |
| ३. | नियोन बोर्ड | २०x२० = ६० वर्ग फिटसम्म | विद्युतीय तर |
| ४. | ग्लो बोर्ड (विद्युतीय परिचय पाटी) | ३० वर्ग फिटसम्म | ग्लो बोर्डको |
| ५. | ट्राई भिजन बोर्ड | २०x३० = ६०० वर्ग फिटसम्म | ट्राफ भिजन |
| ६. | स्क्रोलर ब्यानर | १०x१० = १०० वर्ग फिटसम्म | विद्युतीय माध्य प्रचार गर्न |
| | पोल व्यानर | २x३ = ६ वर्ग फिटसम्म | कपडामा ले |
| ७. | धातुको अक्षर बोर्ड | ३० वर्ग फिटसम्म | धातुले अक्षर गरिएको फ्रेम |
| ८. | चलचित्र बोर्ड | १०x१० = १०० वर्ग फिटसम्म | विद्युतीय माध चलचित्र बो |

द्रष्टव्य:- ३० वर्गफुट भन्दा बढीको साइन बोर्डलाई कर प्रयोजनका लागि होर्डिङ्ग बोर्डक रुपमा लिईने छ।

## अनुसूची-२

## दफा ६ (१) सँग सम्बन्धित

विज्ञापन सम्झौता पत्र देवघाट गाउँपालिका (यसपछि "प्रथम पक्ष" भनिएको) र ..................................... .....................................(यसपछि "द्वितीय पक्ष" भनिएको) बीच देवघाट गाउँपालिका वडा नं...............मार्ग ............... टोल .......... .......... नम्बरको घरधनी श्री ..............................को भवन/जग्गामा ...........................वस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्तनामा पालना तथा कार्यान्वयन गर्न दुवै पक्ष मन्जुर भई यो सम्झौता गरी एक एक प्रति लियौ, दियौ।

शर्तहरु

१. प्रथम पक्षले स्वीकृत दिएको स्थानमा स्वीकृत विज्ञापन बोर्ड/सामाग्री द्वितीय पक्षले विज्ञापन प्रयोजनको निमित्त राख्नेछ। स्वीकृति पश्चात विज्ञापन परिचयपाटी/होर्डिङ्ग बोर्ड/अन्य बोर्डको आकार लम्वाई ........... चौडाई. ......... उचाईको हुनेछ। जम्मा ...............वर्ग फिटले मिति.................. देखि .................सम्म ........ वर्ष ..... को प्रति वर्गफुट रु. .....................ले जम्मा रु ................. द्वितीय पक्षले प्रथम पक्षलाई.......................मिति सम्ममा बुझाई सक्नु पर्नेछ।

२. द्वितीय पक्षले विज्ञापन सम्बन्धी आवेदन दिदाको वखत उल्लेख गरी स्वीकृत लिएको विषयमा मात्र विज्ञापन गर्न राख्न पाउनेछ। स्वीकृत विज्ञापन वाहेक अन्य विवरणको विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नुपरेमा दोश्रो पक्षले लिखित जानकारी गराई प्रथम पक्षको लिखित स्वीकृत लिनुपर्नेछ।

३. प्रथम पक्षले विज्ञापन हटाउन निर्देशन दिएमा द्वितीय पक्षले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ। तर त्यस्तो विज्ञापन हटाउन प्रथम पक्षको लिखित स्वीकृत लिनुपर्नेछ।

४. द्वितीय पक्षले तोकिएको स्थानमा विज्ञापन राखी प्रथम पक्षलाई शुल्क तिरिसकेको भएमा प्रथम पक्षको निर्देशन अनुसार विज्ञापन हटाएमा द्वितीय पक्षले सो विज्ञापन अन्य कुनै स्थानमा राख्न चाहेमा प्रथम पक्षले स्वीकृत दिन सक्नेछ । अन्यथा प्रथम पक्षले दामासाहीले द्वितीय पक्षलाई रकम फिर्ता गर्नेछ ।

५. विज्ञापन बोर्ड प्राविधिक दृष्टिले सुरक्षित ढंगले निर्माण गर्नुपर्नेछ ।

६. विज्ञापन बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

७. द्वितीय पक्षले स्वीकृत प्राप्त गरी विज्ञापन राखीसकेपछि विज्ञापन करको दरमा हेरफेर भएमा सोही अनुसार द्वितीय पक्षले प्रथम पक्षलाई कर बुझाउनुपर्नेछ ।

८. दोश्रो पक्षबाट पेश गरिएको विज्ञापन बोर्ड को कुनैपनि बेला निरीक्षण गर्दा स्वीकृत दिइएको स्थान र मापदण्ड भन्दा फरक पर्न गएमा होर्डिङ्गबोर्ड तत्काल हटाउने वा जरिवाना गर्ने वा दुवै गर्न सक्नेछ ।

९. देवघाट गाउँपालिकाबाट प्राप्त सांकेतिक चिन्ह तथा बोर्डको दर्ता नम्बर बोर्डमै देखिने गरी माथिल्लो भागमा सुरक्षित ढंगले सम्पूर्ण जिम्मेवारी द्वितीय पक्षको हुनेछ ।

१०. होर्डिङ्ग बोर्डको आकार, प्रकार र निषेधित क्षेत्र सम्बन्धी गाउँपालिकाले जारी गर्ने नीतिगत व्यवस्था अनुसार बोर्ड हटाउन वा आकार प्रकार परिमार्जन गर्न पर्ने भएमा सो अनुसारको आदेश निर्देशन पालना गर्न द्वितीय पक्ष मन्जुर गर्दछ । यसो गर्दा असूल भईसकेको विज्ञापनदाताले तिर्नुपर्ने कर दायित्वमा समायोजन गरिनेछ ।

११. म्याद समाप्त भएको मितिबाट ३५ दिन भित्र वा तोकिएको समयभित्र नवीकरण गर्नुपर्नेछ । अन्यथा प्रथम पक्षले विज्ञापन कर निर्देशिका बमोजिम आवश्यक कार्वाही अगाडि बढाउनेछ ।

देवघाट गाउँपालिकाको तर्फबाट (प्रथप पक्ष) विज्ञापन कर्ता/

एजेन्सीको तर्फबाट (द्वितीय पक्ष)

| | |
|---|---|
| नाम थर | नाम |
| हस्ताक्षर | दस्तखत |
| पद | पद |
| छाप | छाप |

ईति सम्बत ...........साल ...............महिना ..............गते....रोज.......

शभम् ।

## अनुसूची-३
## दफा ६ (३) सँग सम्बन्धित

देवघाट गाउँपालिका कार्यालय

राजश्व शाखा

विज्ञापन बोर्ड दर्ता किताब

विज्ञापन बोर्ड दर्ता (वडा /द. नं. /साल) ....................................

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नामः

२. विज्ञापन रहने स्थान –.........वडा ...... घर नं. ............. मार्ग/पथ/सडक ...............

३. सार्वजनिक÷प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः– ......... ......................

४. विज्ञापन बोर्डको आकार, प्रकार र बनौट

क) आकार – ......... लम्वाई ..............चौडाई ..............वर्गफिट ...........................

ख) विज्ञापन बोर्डको प्रकार – होर्डिङ्ग बोर्ड/होर्डिङ्ग बोर्ड साना/साइन बोर्ड/ग्लो बोर्ड वा त्रिभिजन बोर्ड..............

ग) बनौट ..........................

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर, ठेगाना –....................

६. विज्ञापन बोर्डको स्वामीत्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण

| क्र.सं. | साविकवालाको नाम थर र ठेगना | हालवालाको नाम थर | हाल साविक गरकोमिति |
|---|---|---|---|
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |

७. दर्ता/ नवीकरणको अद्यावधिक तालिका

| क्र.सं. | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध कम्पनी/फर्मको नाम | कर असुली भएको अवधि | कर असुली रकम | र.नं. | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनसूची-४
## दफा ६(४) सँग सम्बन्धित

देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय राजश्व शाखा विज्ञापन बोर्ड दर्ता प्रमाण पत्र दर्ता मितिः ......................... प्रमाण पत्र नं................... देवघाट गाउँपालिका वडा नं. ............. मार्ग .......... घर नं. .......... वस्ने श्री .............. ............................ लाई देवघाट गाउँपालिकाको विज्ञापन कर निर्देशिका, २०८२ बमोजिम निम्न उल्लेखित अनुसार समय समयमा गाउँपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गरी विज्ञापन कर तिरी विज्ञापन बोर्ड राख्न यो प्रमाण पत्र प्रदान गरिएको छ।

विज्ञापन बोर्डको विवरण –

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नामः– ......................................................

२. विज्ञापन रहने स्थान........वडा ...... घर नं. ............. मार्ग/पथ/सडक ............

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः– ................................................. ............................................

४. विज्ञापन बोर्डको आकार, प्रकार र बनौट

(क) आकार: ......... लम्वाई ..............चौडाई ..............वर्गफिट

(ख) विज्ञापन बोर्डको प्रकारः होर्डिङ्ग बोर्ड/होर्डिङ्ग बोर्ड साना/साइन बोर्ड/ग्लो बोर्ड/बोर्ड वा त्रिभिजन बार्ड ................

(ग) बनौट

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर...........................

६. विज्ञापन स्वामित्व भएको व्यक्तिको नागरिकता नं.:................... नागरिकता जारी मिति र जिल्ला.....................

७. विज्ञापन बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण

| क्र.सं. | साविकवालाको नाम थर | हालवालाको नाम थर | मिति |
|---|---|---|---|
| | | | |
| | | | |

..........................................

.................................

विज्ञापन स्वामित्व भएको व्यक्तिको हस्ताक्षर कार्यालयको तर्फबाट हस्ताक्षर

शर्तहरु

१. सम्झौतामा अन्यथा उल्लेख गरिएको बाहेक प्रत्येक आर्थिक वर्षको वा म्याद समाप्त भएको ३५ दिन भित्र प्रत्येक वर्षको लागि अग्रिम रुपमा कर बुझाउनु पर्नेछ।

२. होर्डिङ्ग बोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

३. विज्ञापन बोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी कार्यालयको पूर्व स्वीकृति लिई हटाउन सकिनेछ।

**अनुसूची-५**

**दफा १२(१) सँग सम्बन्धित**

विज्ञापन करको दर

| क्र.सं. | विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | परिचय पाटी/साइन बोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | मदिरा सूर्तिजन्य विज्ञापनको थप ५०% लाग्नेछ। |
| २ | होर्डिङ्ग बोर्ड (विज्ञापन पाटी) | १५० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ३ | नियोन साइन बोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ४ | ग्लोसाइन (विद्युतीय) बोर्ड | २०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ५ | चलचित्र बोर्ड | ३०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ६ | त्रिभिजन बोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |
| ७ | स्क्रोरल भिजन बोर्ड | २०० (प्रति थान/प्रति हप्ता) | |
| ८ | व्यानर/फिल्मी पोष्टर | १२०० (प्रति गोटा/प्रति हप्ता) | |
| ९ | आकाशे वेलुन | १०० (प्रति वर्गफुट/प्रति महिना) | |
| १० | व्यवसायिक भवन प्रवेश र विज्ञापन गेट | ५००० प्रति वर्ष | |
| ११ | गाडीमा बोकी विज्ञापन | १००० प्रति गाडी प्रति हप्ता/प्रति दिन रु. २०० | |
| १२ | पोल ब्यापन | २०० प्रति हप्ता | |

| | | | |
|---|---|---|---|
| १३ | जात्रा, मेला, खेलकुद विज्ञापन | १०० प्रति वर्गफुट/प्रति हप्ता | |
| १४ | लाईट बोर्ड | १०० (प्रति वर्ग फुट/प्रति वर्ष) | |

आज्ञाले
जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत